रुपन्देही जिल्लाको रामापूर मुर्गीयामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बाखापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ असोज ५ गतेदेखि ०७ गतेसम्म रुपन्देही जिल्लाको रामापूर मूर्गीयामा “व्यवसायिक बाखापालन तालिम” सम्पन्न गरेको संस्थाको बारेमा कार्यालयका शाखा प्रमुख श्री जिवराज पौडेलले जानकारी गराएका थिए। यस तालिममा प्रशिक्षकहरु श्री झविन्द्र वन्जाडे, श्री इन्द्र वहादूर खडका, शाखा प्रमुख श्री जिवराज पौडेल र क्षेत्रीय प्रमुख श्री शंभू न्यौपाने रहेका थिए।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नतीतर्फ अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख शंभू न्यौपानेले बताएका थिए। तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको रामापुर शाखाका प्रमुख जिवराज पौडेलले प्रकाश पारेका थिए।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो। संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ श्रावण मसान्त सम्ममा ३ लाख ५८ हजार छ सय एक घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ श्रावण मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६० करोड  ८५ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ११ अरब १४ करोड ९७ लाख बचत परिचालन गरेको छ ।

बाख्रापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नतबाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नतनश्लका बाख्राहरुको जातिय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्राबोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोतसाधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमाहावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने बस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोतसाधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाख्राको छमासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाख्रामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय बाख्रापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, बाख्रापालनको स्किम, बचतको महत्व तथा संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेका साथै सहभागीहरुलाई बुटवल नगरपालिका वार्ड नं. १६ वैठौलीयामा अवस्थित वसुन्धरा वाख्रा पालन फर्मको अवलोकन समेत गाईएको कुरा रामापुर शाखाका शाखा प्रमुख जिवराज पौडेलले ले बताएका थिए । व्यवसायिक रुपमा बाख्रापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शंभु न्यौपानेले जानकारी गराएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तालिमको अन्त्यमा सहभागीहरु श्री भिमा गिरी र श्री गंगा श्रेष्ठले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा बाखापालन गरि आम्दानी बृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममासिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 